# मैवाखोला गाउँपालिका

## गाउँसभाको सचिवालय

साँघु, ताप्लेजुङ
प्रदेश नं १, नेपाल

**अध्यक्षको वाचनपत्र**

**गाउँसभाको १३ औं अधिवेशनको दोस्रो बैठक**
**(मिति २०८० जेष्ठ ३२ गते)**

**बैठक संख्याः ०२** **समयः १:०० बजे**

सभाका सदस्यज्यूहरू, अब म मैवाखोला गाउँसभाको १३ औं अधिवेशनको दोस्रो बैठक प्रारम्भ भएको जानकारी गराउदछु ।

सभाका सदस्यज्यूहरू, गाउँसभाको आजको बैठकको कार्यसूची अनुसार बैठक अगाडी बढ्नेछ । आजको बैठकको कार्यसूची देहाय अनुसार रहेका छन् ।

१. बैठक प्रारम्भ, कार्यसूची वाचन ।
२. समसामयिक विषयमा छलफल(शून्य समयको प्रयोग) ।
३. आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम उपर छलफल ।
४. सभाको पहिलो बैठकमा सदस्यहरूले समसामयिक छलफलको क्रममा उठाउनु भएका विषयहरूमा कार्यपालिकाको जवाफ प्रस्तुत ।
५. आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता) उपर उठेका जिज्ञासाहरूको जवाफ प्रस्तुत ।
६. आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता) स्वीकृत गरियोस् भन्ने प्रस्ताव सभामा प्रस्तुत ।
७. मैवाखोला गाँउपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक,२०८० प्रस्तुत तथा सैद्धान्तिक पक्षमा छलफल ।
८. मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०, प्रस्तुति र सैद्धान्तिक पक्षमा छलफल ।
९. मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०, प्रस्तुति र सैद्धान्तिक पक्षमा छलफल ।

१०. मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०, प्रस्तुति र सैद्धान्तिक पक्षमा छलफल।

११. बैठक स्थगन

सभाका सदस्यज्यूहरू, अब म आजको कार्यसूचीको **दोस्रो** नम्बरमा रहेको समसामयिक विषयमा छलफल गर्ने प्रक्रिया (शून्य समयको प्रयोग) अगाडी बढाउँदछु। १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५१ को उपदफा (१) बमोजिम समसामयिक विषयमा छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले आफ्नो नाम दायाँ\वायाँतर्फ रहेको सचिवालयका कर्मचारीहरूलाई टिपाउन सक्नुहुनेछ।

समसामयिक विषयमा छलफलमा भाग लिन सर्वप्रथम सदस्य श्री...................लाई अनुमति दिन्छु। समय ३ मिनेट निर्धारण गरेको छु।

समसामयिक विषयमा छलफलमा भाग लिन अर्का सदस्य श्री...................लाई अनुमति दिन्छु। समय ३ मिनेट।

सभाका सदस्यज्यूहरू समसामयिक विषयमा छलफलमा भाग लिने क्रम यही अन्त्य हुन्छ। आजको यस बैठकमा सदस्यहरूले उठाउनु भएका सवालहरूमा सभाको गम्भिर ध्यानाकर्षण भएकोछ। सभामा उठेका सवालहरूमा १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५१ को उपदफा (१) बमोजिम सम्बन्धित कार्यपालिकाका सदस्यहरूले सभाको अर्को बैठकमा जवाफ पेश गर्न ध्यानाकर्षण गराउदछु।

सभाका सदस्यज्यूहरू, अब म आजको कार्यसूचीको **तेस्रो** नम्बरमा रहेको आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम उपर छलफल अगाडी बढाउँदछु। १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ बमोजिम छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले आफ्नो नाम दायाँ\वायाँतर्फ रहेको सचिवालयका कर्मचारीहरूलाई टिपाउन सक्नुहुनेछ।

सभाका सदस्यज्यूहरू, आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम उपर छलफलमा सर्वप्रथम सदस्य श्री...................लाई अनुमति दिन्छु। समय ३ मिनेट निर्धारण गरेको छु।

त्यसैगरी अर्का सदस्य श्री...................लाई अनुमति दिन्छु। समय ३ मिनेट।
सभाका सदस्यज्यूहरू, आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम माथीको छलफल यही अन्त्य हुन्छ।

सभाका सदस्यज्यूहरू, अब म आजको कार्यसूचीको **चौथो** नम्बरमा रहेको सभाको पहिलो बैठकमा सदस्यहरूले उठाउनु भएका जिज्ञासा\सवालहरूको सन्दर्भमा कार्यपालिकाको जवाफ प्रस्तुत गर्न

कार्यपालिका सदस्य श्री.................. लाई अनुमति दिन्छु ।        समय ३ मिनेट

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **पाचौ** नम्बरमा रहेको "मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता)" उपर सदस्यज्यूहरूले उठाउनु भएको जिज्ञासाहरूको जवाफ प्रस्तुत गर्नका लागि कार्यपालिकाको तर्फबाट उपाध्यक्ष श्री कमल कुमारी लिम्बुलाई अनुमति दिन्छु ।

**(उपाध्यक्षबाट जवाफ प्रस्तुत)**

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको छैटौं नम्बरमा रहेको "मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधयेकका सिद्धान्त र प्राथमिकता)" स्वीकृत गरियोस् भन्ने प्रस्ताव सभामा पेश गर्न उपाध्यक्ष श्री कमल कुमारी लिम्बुलाई अनुमति दिन्छु ।

**आगामी आ.व. ०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम(विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता) सम्बन्धमा स्वीकृत गरियोस भन्ने प्रस्ताव ।**

**सभा अध्यक्ष महोदय,**

अध्यक्ष ज्यूको अनुमतिले "मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता)" यस सम्मानित सभामा स्वीकृत गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**धन्यवाद !**

**उपाध्यक्ष**
**कमल कुमारी लिम्बु**

सभाका सदस्यज्यूहरू, अब म उपाध्यक्ष श्री कमल कुमारी लिम्बुले पेश गर्नु भएको "मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता)" स्वीकृत गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले **"हुन्न"** भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोस् ।
यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ उपाध्यक्ष श्री कमल कुमारी लिम्बुले पेश गर्नु भएको आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता) स्वीकृत गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतले स्वीकृत भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरू, अब म १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ बमोजिम प्रस्तुत भएको मैवाखोला गाउँपालिकको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधयेकका सिद्धान्त र प्राथमिकता) सभामा निर्णयार्थ पेश गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले **"हुन्न"** भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोस् ।
यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ बमोजिम प्रस्तुत भएको मैवाखोला गाउँपालिकको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधयेकका सिद्धान्त र प्राथमिकता) सर्वसम्मतले पारित भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरु, अब म आजको बैठकको कार्यसूचीको **सातौ** नम्बरमा रहेको विधेयक पेश गर्न बोलाउनेछु । १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा १ अनुसार वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री नरकुमारी लिम्बुलाई "मैवाखोला गाँउपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०" सभामा पेश गर्न अनुमति दिइयोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**(वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजकले प्रस्ताव पेश गर्ने)**

सभाका अध्यक्षज्यू,
सभाध्यक्षज्युको अनुमतिले मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धि बनेको विधेयक, २०८० लाई यस सम्मानित सभामा प्रस्तुत गर्न अनुमति दिइयोस् भन्ने प्रस्ताव पेश गर्दछु । धन्यवाद !

**नरकुमारी लिम्बु**
**वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक**

सभाका सदस्यज्यूहरु, अब म वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री नरकुमारी लिम्बुले पेश गर्नु भएको “मैवाखोला गाँउपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०” लाई सभामा पेश गर्न अनुमति दिइयोस् भन्ने प्रस्तावलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा २ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**“हुन्छ”** भन्ने पक्षमा रहनुहुने सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

**(अथवा)**

**“हुन्न"** भन्ने आवाज नसुनिएकाले वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री नरकुमारी लिम्बुलाई “मैवाखोला गाँउपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०” लाई सभासमक्ष विधेयक पेश गर्ने अनुमति प्राप्त भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरू, अब म वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री नरकुमारी लिम्बुलाई “मैवाखोला गाँउपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०” लाई सभामा पेश गर्न अनुमति दिन्छु ।

**(विधेयन प्रस्तुतकर्ता कार्यपालिका सदस्यको वाचनपत्र)**

सभाका अध्यक्षज्यू, सभाअध्यक्षज्युको अनुमतिमा १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा (२) अनुसार “मैवाखोला गाँउपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०” लाई सभामा पेश गर्दछु । यो विधेयक स्वीकृतिका लागि यस सम्मानित सभा समक्ष पेश गरेको छु ।

जैविक विविधता, जलाधार, जीवजन्तु, वनस्पति जस्ता प्राकृतिक श्रोत र साधनको संरक्षण गर्न, र परापूर्व कालदेखि बसोबास गर्ने समुदायको रिती स्थिति, रहन सहन, प्रथा, परम्परा तथा संस्कृतिको जगेर्ना गर्दै आएका अति सिमान्तकृत स्थानीय आदिवासी जनजाति समुदाय तथा तिनका मौलिक साँस्कृतिक पद्दतीको प्रवर्द्दनका लागि समेत आवश्यक कार्य संचालन, व्यवस्थापन तथा नियमन गर्न

वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा ५७ को उपधारा ४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी मैवाखोला गाँउपालिकाको १३ औं गाउँसभाले यो विधेयक बनाएको छ ।

अध्यक्ष महोदय, प्रस्तुत विधेयकमा जम्मा ७ वटा परिच्छेद, ५२ वटा दफाहरू रहेका छन् ।
परिच्छेद १ मा प्रारम्भिक रहेकोछ । जसमा संक्षिप्त नाम र प्रारम्भ साथै परिभाषालाई समावेश गरिएको छ। त्यस्तै परिच्छेद २ मा वातावरण संरक्षण सम्बन्धी अवस्थालाई समेटिएको छ जसभित्र जैविक विविधताको संरक्षण गर्नु पर्ने, जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने, आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास आदिको संरक्षण जस्ता विषयहरु छन् । परिच्छेद ३ मा जैविक विविधता सम्बन्धी उल्लेख गरिएको छ । परिच्छेद ४ मा वन र सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन रहेको छ। त्यस्तै परिच्छेद ५ मा कोष स्थापना र सञ्चालन रहेको छ जसमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था गरिएको छ । परिच्छेद-६ मा कसुर तथा दण्ड सजाय र जरिवाना सम्बन्धी व्यवस्था रहेको छ । अन्त्यमा परिच्छेद-७ मा विविध रहेको छ जसमा समन्वय र सहजीकरण गर्ने, सर्वेक्षण, गुनासो व्यवस्थापन, परामर्श लिन सक्ने, अधिकार प्रत्यायोजन गर्न सक्ने, नियम बनाउने अधिकार, मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने, संशोधन, प्रचलित कानून बमोजिम हुने, यस ऐन बमोजिम हुने, बाधा अड्काउ फुकाउ रहेको छ ।
अध्यक्ष महोदय, प्रस्तुत विधेयकले मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन गराउने गरि प्रस्ताव गरिएको छ । यस सम्मानित सभाले विस्तृत रुपमा छलफल गरी अझै परिस्कृत गर्दछ भन्ने आशा लिएको छु । अब म अध्यक्ष ज्यू मार्फत यस सम्मानित सभामा सामान्य छलफलको लागि यो विधेयक पेश गर्दछु । धन्यवाद !

**नरकुमारी लिम्बु**
**सभापति**
**वन वातावरण तथा विपद् व्यवस्थापन समिति**

सभाका सदस्यज्यूहरु, अब म प्रस्तुत विधेयकउपर सैद्धान्तिक छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई अनुमति दिन्छु । विधयेकको सैद्धान्तिक पक्षमाथि सामान्य छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले दायाँ\वायाँतर्फ रहनुभएका सभाका सचिव समक्ष नाम टिपाउन वा सङ्केत गर्न सक्नुहुनेछ ।

“मैवाखोला गाँउपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०” उपर सैद्धान्तिक पक्षमाथि छलफलमा आफ्नो धारणा राख्न सदस्य श्री ............ लाई अनुमति दिन्छु । समय ३ मिनेट

**(लिखित तथा मैखिक रूपमा घारणा व्यक्त गर्ने)**

अब म विधयेक प्रस्तुतकर्ता वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री नरकुमारी लिम्बुलाई सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

सभाका सदस्यज्यूहरू, मैवाखोला गाँउपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०" मा संशोधन हाल्न चाहनु हुने सदस्यहरूलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा २९ को उपदफा १ बमोजिम २४ घण्टाको समय उपलब्ध गराइएको र उक्त समय अहिलेबाट प्रारम्भ भएको जानकारी गराउँदछु । संशोधन प्रस्ताव राख्न चाहने सदस्यहरूले आफ्नो प्रस्ताव सभाको सचिवमार्फत सचिवालयमा दर्ता गराउन सक्नुहुने जानकारी गराउँछु ।

सभाका सदस्यज्यूहरू, प्रस्तुत विधयेकमा सामान्य छलफल समाप्त भएकोले १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा २९ को उपदफा १ बमोजिम विधेयक प्रस्तुतकर्ता वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री नरकुमारी लिम्बुलाई "मैवाखोला गाँउपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०" विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सभामा पेश गर्न अनुमति दिन्छु ।

**(विधेयक प्रस्तुतकर्ता कार्यपालिकाको सदस्यको वाचन पत्र)**

सभाअध्यक्षज्यू,

सभा अध्यक्षज्यूको अनुमतिले १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ दफा २७ उपदफा (४) बमोजिम सैद्धान्तिक छलफल समेत समाप्त भएकाले "मैवाखोला गाँउपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०" दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गर्दछु । धन्यवाद !

**नरकुमारी लिम्बु**
**संयोजक**
**वन वातावरण तथा विपद् व्यवस्थापन समिति**

अब, म वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री नरकुमारी लिम्बुले यस सभामा पेश गर्नुभएको "मैवाखोला गाँउपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०" विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोला र प्रस्तावको विपक्षमा हुने सदस्यले **"हुन्न"**

भन्नुहोला।

प्रस्तावको पक्षमा हुने सदस्यले **"हुन्छ"** भन्नुहोस्।

प्रस्तावको विपक्षमा हुने सदस्यले **"हुन्न"** भन्नुहोस्।

**"हुन्छ"** भन्ने पक्षमा रहनुहुने सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

**अथवा**

**"हुन्न"** भन्ने आवाज नसुनिएकोले "मैवाखोला गाँउपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत ब्यवस्थापन सम्बन्धी बनेको विधेयक २०८०" दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मत रूपमा स्वीकृत भएको घोषणा गर्दछु।

सभाका सदस्यज्यूहरु, अब म आजको बैठकको कार्यसूचीको **आठौं** नम्बरमा रहेको कार्यविधि पेश गर्न बोलाउनेछु। १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा १ अनुसार विधायन समितिका सभापति श्री राजुमान लिम्बुलाई "मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" सभामा पेश गर्न अनुमति दिइयोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**(कार्यविधि प्रस्तुतकर्ता कार्यपालिकाको सदस्यको वाचन पत्र)**

सभाअध्यक्षज्यू,

सभा अध्यक्षज्यूको अनुमतिले १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ दफा २७ उपदफा (४) बमोजिम सैद्धान्तिक छलफल समेत समाप्त भएकाले मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गर्दछु।

**धन्यवाद !**

**राजुमान लिम्बु**
**सभापति**
**विधायन समिति**

अब, म विधायन समितिका सभापति श्री राजुमान लिम्बुले पेश गर्नु भएको "मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" लाई सभामा पेश गर्न अनुमति दिइयोस् भन्ने प्रस्तावलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा २ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने पक्षमा रहनुहुने सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

**(अथवा)**

**"हुन्न"** भन्ने आवाज नसुनिएकाले विधायन समितिका सभापति श्री राजुमान लिम्बुलाई "मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" लाई सभासमक्ष कार्यविधि पेश गर्ने अनुमति प्राप्त भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरू, अब म विधायन समितिका सभापति श्री राजुमान लिम्बुलाई "मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" लाई सभामा पेश गर्न अनुमति दिन्छु ।

**(कार्यविधि प्रस्तुतकर्ता कार्यपालिका सदस्यको वाचनपत्र)**

सभाका अध्यक्षज्यू, सभाअध्यक्षज्युको अनुमतिमा १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा (२) अनुसार मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० लाई सभामा पेश गर्दछु । यो कार्यविधि स्वीकृतिका लागि यस सम्मानित सभा समक्ष पेश गरेको छु ।

गाउँपालिकाको सभा अन्तर्गत रहेको विधायन समितिको गठन तथा सञ्चालनलाई व्यवस्थित तथा प्रभावकारी बनाउने उद्देश्यले कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम १३ औँ गाउँ सभाले यो कार्यविधि बनाएको छ ।

अध्यक्ष महोदय, प्रस्तुत कार्यविधिमा जम्मा ६ वटा परिच्छेद, २६ वटा दफाहरू रहेका छन् । परिच्छेद १ मा प्रारम्भिक रहेकोछ । जसमा संक्षिप्त नाम र प्रारम्भ साथै परिभाषालाई समावेश गरिएको छ । त्यस्तै

परिच्छेद २ मा समितिको गठन प्रकृया, कार्यक्षेत्र र पदरिक्त हुने अवस्थालाई समेटिएको छ जसभित्र समितिको गठन, कार्यक्षेत्र, कार्यावधि र सभापति र सदस्यको पद रिक्त हुने अवस्था जस्ता विषयहरु छन् । परिच्छेद ३ मा समितिको काम, कर्तव्य र अधिकार र समितिले विवरण लिन सक्ने व्यवस्थाको बारेमा उल्लेख गरिएको छ । परिच्छेद ४ मा समितिका पदाधिकारीहरुको भूमिका रहेको छ भने जस अन्तर्गत सभापति, सदस्य र सचिवको काम, कर्तव्य र अधिकार उल्लेख छ । त्यस्तै परिच्छेद ५ मा बैठक व्यवस्थापन रहेको छ जसमा समितिको बैठक, गणपुरक संख्या, बैठक सञ्चालन विधि, समितिको निर्णय, आचरण, सम्बन्धित अधिकारी वा विशेषज्ञको बैठकमा उपस्थिति, समितिको प्रतिवेदन र उपसमिति गठन सम्बन्धी व्यवस्था गरिएको छ । अन्त्यमा परिच्छेद-६ विविध रहेको छ जसमा समितिको सचिवालय, बजेट व्यवस्था, सूचना तथा कागजात उपलब्ध गराउनुपर्ने, कार्यक्षेत्रसँग सम्बन्धित स्थलगत भ्रमण सम्बन्धी व्यवस्था, कार्यतालिकाको निर्माण तथा कार्यविधिको पालना, समितिको अभिलेख र व्याख्या र संसोधन समावेश गरिएको छ ।

अध्यक्ष महोदय, प्रस्तुत कार्यविधिले मैवाखोला गाउँपालिकाको विधायन समिति सञ्चालनलाई प्रभावकारी बनाउने गरि प्रस्ताव गरिएको छ । यस सम्मानित सभाले विस्तृत रुपमा छलफल गरी अझै परिस्कृत गर्दछ भन्ने आशा लिएको छु । अब म अध्यक्ष ज्यू मार्फत यस सम्मानित सभामा सामान्य छलफलको लागि यो कार्यविधि पेश गर्दछु । धन्यवाद !

**राजुमान लिम्बु**
**सभापति**
**विधायन समिति**

सभाका सदस्यज्यूहरु, अब म प्रस्तुत कार्यविधिउपर सैद्धान्तिक छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई अनुमति दिन्छु । कार्यविधिको सैद्धान्तिक पक्षमाथि सामान्य छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले दायाँ\वायाँतर्फ रहनुभएका सभाका सचिव समक्ष नाम टिपाउन वा सङ्केत गर्न सक्नुहुनेछ।

“मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०” उपर सैद्धान्तिक पक्षमाथि छलफलमा आफ्नो धारणा राख्न सदस्य श्री ............ लाई अनुमति दिन्छु । समय ३ मिनेट

**(लिखित तथा मैखिक रूपमा व्यक्त गर्ने)**

अब म विधयेक प्रस्तुतकर्ता विधायन समितिका सभापति श्री राजुमान लिम्बुलाई सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

"मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" मा संशोधन हाल्न चाहनु हुने सदस्यहरूलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा २९ को उपदफा १ बमोजिम २४ घण्टाको समय उपलब्ध गराइएको र उक्त समय अहिलेबाट प्रारम्भ भएको जानकारी गराउँदछु । संशोधन प्रस्ताव राख्न चाहने सदस्यहरूले आफ्नो प्रस्ताव सभाको सचिवमार्फत सचिवालयमा दर्ता गराउन सक्नुहुने जानकारी गराउँछु ।

सभाका सदस्यज्यूहरू, प्रस्तुत विधयेकमा सामान्य छलफल समाप्त भएकोले १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा २९ को उपदफा १ बमोजिम कार्यविधि प्रस्तुतकर्ता विधायन समितिका सभापति श्री राजुमान लिम्बुलाई "मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सभामा पेश गर्न अनुमति दिन्छु ।

**(कार्यविधि प्रस्तुतकर्ता कार्यपालिकाको सदस्यको वाचन पत्र)**

सभाअध्यक्षज्यू,

सभा अध्यक्षज्यूको अनुमतिले १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ दफा २७ उपदफा (४) बमोजिम सैद्धान्तिक छलफल समेत समाप्त भएकाले मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गर्दछु । धन्यवाद !

**राजुमान लिम्बु**
**सभापति**
**विधायन समिति**

अब, म विधायन समितिका सभापति श्री राजुमान लिम्बुले यस सभामा पेश गर्नुभएको "मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोला र प्रस्तावको विपक्षमा हुने सदस्यले **"हुन्न"** भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने सदस्यले **"हुन्छ"** भन्नुहोस् ।

प्रस्तावको विपक्षमा हुने सदस्यले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने पक्षमा रहनुहुने सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

**अथवा**

**"हुन्न"** भन्ने आवाज नसुनिएकोले "मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मत रूपमा स्वीकृत भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरु, अब म आजको बैठकको कार्यसूचीको **नौँ** नम्बरमा रहेको कार्यविधि पेश गर्न बोलाउनेछु । १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा १ अनुसार अर्थ तथा सार्वजनिक लेखा समितिका सभापति श्री चन्द्र कुमार तामाङलाई "मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" सभामा पेश गर्न अनुमति दिइयोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**(कार्यविधि प्रस्तुतकर्ताको कार्यपालिकाको सदस्यको वाचन पत्र)**

सभाका अध्यक्षज्यू,

सभाअध्यक्षज्युको अनुमतिले १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा (१) बमोजिम मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० लाई यस सम्मानित सभामा पेश गर्ने अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्दछु ।

**चन्द्र कुमार तामाङ**
**सभापति**
**अर्थ तथा सार्वजनिक लेखा समिति**

अब, म अर्थ तथा सार्वजनिक लेखा समितिका सभापति श्री चन्द्र कुमार तामाङले पेश गर्नु भएको "मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" लाई सभामा पेश गर्न अनुमति दिइयोस् भन्ने प्रस्तावलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा २ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने पक्षमा रहनुहुने सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

**(अथवा)**

**"हुन्न"** भन्ने आवाज नसुनिएकाले अर्थ तथा सार्वजनिक लेखा समितिका सभापति श्री चन्द्र कुमार तामाङलाई "मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" लाई सभासमक्ष कार्यविधि पेश गर्ने अनुमति प्राप्त भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरू, अब म अर्थ तथा सार्वजनिक लेखा समितिका सभापति श्री चन्द्र कुमार तामाङलाई "मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" लाई सभामा पेश गर्न अनुमति दिन्छु ।

**(कार्यविधि प्रस्तुतकर्ता कार्यपालिका सदस्यको वाचनपत्र)**

सभाका अध्यक्षज्यू, सभाअध्यक्षज्युको अनुमतिमा १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा (२) अनुसार मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० लाई सभामा पेश गर्दछु । यो कार्यविधि स्वीकृतिका लागि यस सम्मानित सभा समक्ष पेश गरेको छु ।

गाउँपालिकाको सभा अन्तर्गत रहेको अर्थ तथा सार्वजनिक लेखा समितिको गठन तथा सञ्चालनलाई व्यवस्थित तथा प्रभावकारी बनाउने उद्देश्यले कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम १३ औँ गाउँ सभाले यो कार्यविधि बनाएको छ ।

अध्यक्ष महोदय, प्रस्तुत कार्यविधिमा जम्मा ६ वटा परिच्छेद, २६ वटा दफाहरू रहेका छन् । परिच्छेद १ मा प्रारम्भिक रहेकोछ । जसमा संक्षिप्त नाम र प्रारम्भ साथै परिभाषालाई समावेश गरिएको छ । त्यस्तै परिच्छेद २ मा समितिको कार्यक्षेत्र,गठन प्रकृया र पदरिक्त हुने अवस्थालाई समेटिएको छ जसभित्र लेखा समितिको कार्यक्षेत्र, गठन, कार्याविधि र सभापति र सदस्यको पद रिक्त हुने अवस्था जस्ता विषयहरु छन् । परिच्छेद ३ मा समितिको काम, कर्तव्य र अधिकार र समितिले विवरण लिन सक्ने व्यवस्थाको बारेमा उल्लेख गरिएको छ । परिच्छेद ४ मा समितिका पदाधिकारीहरुको भूमिका रहेको छ भने जस अन्तर्गत सभापति, सदस्य र सचिवको काम, कर्तव्य र अधिकार उल्लेख छ । त्यस्तै परिच्छेद ५ मा बैठक व्यवस्थापन रहेको छ जसमा समितिको बैठक, गणपुरक संख्या, बैठक सञ्चालन विधि,

आचरण, बैठकको निर्णयम, समितिको प्रतिवेदन उपसमिति गठन र सम्बन्धित अधिकारी वा विशेषज्ञको बैठकमा सम्बन्धी व्यवस्था गरिएकोछ । अन्त्यमा परिच्छेद-६ विविध रहेको छ जसमा समितिको सचिवालय, बजेट व्यवस्था, सूचना तथा कागजात उपलब्ध गराउनुपर्ने, कार्यक्षेत्रसँग सम्बन्धित स्थलगत भ्रमण सम्बन्धी व्यवस्था, कार्यतालिकाको निर्माण तथा कार्यविधिको पालना, समितिको अभिलेख र संसोधन र व्याख्या समावेश गरिएको छ

अध्यक्ष महोदय, प्रस्तुत कार्यविधिले मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति सञ्चालनलाई प्रभावकारी बनाउने गरि प्रस्ताव गरिएको छ । यस सम्मानित सभाले विस्तृत रुपमा छलफल गरी अझै परिस्कृत गर्दछ भन्ने आशा लिएको छु । अब म अध्यक्ष ज्यू मार्फत यस सम्मानित सभामा सामान्य छलफलको लागि यो कार्यविधि पेश गर्दछु । धन्यवाद !

**चन्द्र कुमार तामाङ**
**सभापति**
**अर्थ तथा सार्वजनिक लेखा समिति**

सभाका सदस्यज्यूहरु, अब म प्रस्तुत कार्यविधिउपर सैद्धान्तिक छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई अनुमति दिन्छु । कार्यविधिको सैद्धान्तिक पक्षमाथि सामान्य छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले दायाँ\वायाँतर्फ रहनुभएका सभाका सचिव समक्ष नाम टिपाउन वा सङ्केत गर्न सक्नुहुनेछ ।

"मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" उपर सैद्धान्तिक पक्षमाथि छलफलमा आफ्नो धारणा राख्न सदस्य श्री ........... लाई अनुमति दिन्छु ।          समय ३ मिनेट

**(लिखित तथा मैखिक रूपमा व्यक्त गर्ने)**

अब म विधयेक प्रस्तुतकर्ता अर्थ तथा सार्वजनिक लेखा समितिका सभापति श्री चन्द्र कुमार तामाङलाई सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

"मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" मा संशोधन हाल्न चाहनु हुने सदस्यहरूलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा २९ को उपदफा १ बमोजिम २४ घण्टाको समय उपलब्ध गराइएको र उक्त समय अहिलेबाट प्रारम्भ भएको जानकारी गराउँदछु । संशोधन प्रस्ताव राख्न चाहने सदस्यहरूले आफ्नो प्रस्ताव सभाको सचिवमार्फत सचिवालयमा दर्ता गराउन सक्नुहुने जानकारी गराउँछु ।

सभाका सदस्यज्यूहरू, प्रस्तुत कार्यविधिमा सामान्य छलफल समाप्त भएकोले १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा २९ को उपदफा १ बमोजिम कार्यविधि प्रस्तुतकर्ता अर्थ तथा सार्वजनिक लेखा समितिका सभापति श्री चन्द्र कुमार तामाङलाई "मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सभामा पेश गर्न अनुमति दिन्छु ।

**(कार्यविधि प्रस्तुतकर्ता कार्यपालिकाको सदस्यको वाचन पत्र)**

सभाअध्यक्षज्यू, सभाअध्यक्षज्यूको अनुमतिले १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५  दफा २७ उपदफा (४) बमोजिम सैद्धान्तिक छलफल समेत समाप्त भएकाले मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गर्दछु । धन्यवाद !

**चन्द्र कुमार तामाङ**
**सभापति**
**अर्थ तथा सार्वजनिक लेखा समिति**

अब, म अर्थ तथा सार्वजनिक लेखा समितिका सभापति श्री चन्द्र कुमार तामाङले यस सभामा पेश गर्नुभएको "मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोला र प्रस्तावको विपक्षमा हुने सदस्यले **"हुन्न"** भन्नुहोला।

प्रस्तावको पक्षमा हुने सदस्यले **"हुन्छ"** भन्नुहोस् ।
प्रस्तावको विपक्षमा हुने सदस्यले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने पक्षमा रहनुहुने सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

**अथवा**

**"हुन्न"** भन्ने आवाज नसुनिएकोले "मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मत रूपमा स्वीकृत भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरु, अब म आजको बैठकको कार्यसूचीको **दशौं** नम्बरमा रहेको कार्यविधि पेश गर्न बोलाउनेछु । १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा १ अनुसार सुशासन तथा स्थानीय सेवा समितिका सभापति श्री खगेन्द्र थक्लुङलाई "मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०" सभामा पेश गर्न अनुमति दिइयोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**(कार्यविधि प्रस्तुतकर्ताको कार्यपालिकाको सदस्यको वाचन पत्र)**

सभाका अध्यक्षज्यू,

सभाअध्यक्षज्युको अनुमतिले १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा (१) बमोजिम मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० लाई यस सम्मानित सभामा पेश गर्ने अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद !

**खगेन्द्र थक्लुङ**
**सभापति**
**सुशासन तथा स्थानीय सेवा समिति**

अब, म सुशासन तथा स्थानीय सेवा समितिका सभापति श्री खगेन्द्र थक्लुङले पेश गर्नु भएको "मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०" लाई सभामा पेश गर्न अनुमति दिइयोस् भन्ने प्रस्तावलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा २ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने पक्षमा रहनुहुने सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

**(अथवा)**

**"हुन्न"** भन्ने आवाज नसुनिएकाले सुशासन तथा स्थानीय सेवा समितिका सभापति श्री खगेन्द्र थक्लुङलाई "मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०" लाई सभासमक्ष कार्यविधि पेश गर्ने अनुमति प्राप्त भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरू, अब म सुशासन तथा स्थानीय सेवा समितिका सभापति श्री खगेन्द्र थक्लुङलाई "मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०" लाई सभामा पेश गर्न अनुमति दिन्छु ।

**(कार्यपालिकाको प्रस्तुतकर्ता कार्यपालिका सदस्यको वाचनपत्र)**

सभाका अध्यक्षज्यू, सभाअध्यक्षज्युको अनुमतिमा १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा (२) अनुसार मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० लाई सभामा पेश गर्दछु । यो कार्यविधि स्वीकृतिका लागि यस सम्मानित सभा समक्ष पेश गरेको छु ।

गाउँपालिकाको सभा अन्तर्गत रहेको सुशासन तथा स्थानीय सेवा समितिको गठन तथा सञ्चालनलाई व्यवस्थित तथा प्रभावकारी बनाउने उद्देश्यले कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम १३ औँ गाउँ सभाले यो कार्यविधि बनाएको छ ।

अध्यक्ष महोदय, प्रस्तुत कार्यविधिमा जम्मा ६ वटा परिच्छेद, २६ वटा दफाहरू रहेका छन् । परिच्छेद १ मा प्रारम्भिक रहेकोछ । जसमा संक्षिप्त नाम र प्रारम्भ साथै परिभाषालाई समावेश गरिएको छ । त्यस्तै परिच्छेद २ मा समितिको गठन प्रकृया, कार्यक्षेत्र र पदरिक्त हुने अवस्थालाई समेटिएको छ जसभित्र समितिको गठन, कार्यक्षेत्र, कार्यावधि र सभापति र सदस्यको पद रिक्त हुने अवस्था जस्ता विषयहरु छन् । परिच्छेद ३ मा समितिको काम, कर्तव्य र अधिकार र समितिले विवरण लिन सक्ने व्यवस्थाको बारेमा उल्लेख गरिएको छ । परिच्छेद ४ मा समितिका पदाधिकारीहरुको भूमिका रहेको छ भने जस अन्तर्गत सभापति, सदस्य र सचिवको काम, कर्तव्य र अधिकार उल्लेख छ । त्यस्तै परिच्छेद ५ मा बैठक व्यवस्थापन रहेको छ जसमा समितिको बैठक, गणपुरक संख्या, बैठक सञ्चालन विधि, समितिको निर्णय, आचरण, सम्बन्धित अधिकारी वा विशेषज्ञको बैठकमा उपस्थिति, समितिको प्रतिवेदन र उपसमिति गठन सम्बन्धी व्यवस्था गरिएकोछ । अन्त्यमा परिच्छेद-६ विविध रहेको छ जसमा समितिको सचिवालय, बजेट व्यवस्था, सूचना तथा कागजात उपलब्ध गराउनुपर्ने, कार्यक्षेत्रसँग सम्बन्धित स्थलगत भ्रमण सम्बन्धी व्यवस्था, कार्यतालिकाको निर्माण तथा कार्यविधिको पालना, समितिको अभिलेख र व्याख्या र संसोधन समावेश गरिएको छ ।

अध्यक्ष महोदय, प्रस्तुत विधेयकले मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति सञ्चालनलाई प्रभावकारी बनाउने गरि प्रस्ताव गरिएको छ । यस सम्मानित सभाले विस्तृत रुपमा छलफल गरी अझै परिस्कृत गर्दछ भन्ने आशा लिएको छु । अब म अध्यक्ष ज्यू मार्फत यस सम्मानित सभामा सामान्य छलफलको लागि यो कार्यविधि पेश गर्दछु । धन्यवाद ।

**खगेन्द्र थक्लुङ**
**सभापति**
**सुशासन तथा स्थानीय सेवा समिति**

सभाका सदस्यज्यूहरु, अब म प्रस्तुत कार्यविधिउपर सैद्धान्तिक छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई अनुमति दिन्छु । कार्यविधिको सैद्धान्तिक पक्षमाथि सामान्य छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले दायाँ\वायाँतर्फ रहनुभएका सभाका सचिव समक्ष नाम टिपाउन वा सङ्केत गर्न सक्नुहुनेछ ।

“मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०” उपर सैद्धान्तिक पक्षमाथि छलफलमा आफ्नो धारणा राख्न सदस्य श्री ........... लाई अनुमति दिन्छु ।      समय ३ मिनेट

**(लिखित तथा मैखिक रूपमा व्यक्त गरेपछि)**

अब म कार्यविधि प्रस्तुतकर्ता सुशासन तथा स्थानीय सेवा समितिका सभापति श्री खगेन्द्र थक्लुङलाई सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

“मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०” मा संशोधन हाल्न चाहनु हुने सदस्यहरूलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा २९ को उपदफा १ बमोजिम २४ घण्टाको समय उपलब्ध गराइएको र उक्त समय अहिलेबाट प्रारम्भ भएको जानकारी गराउँदछु । संशोधन प्रस्ताव राख्न चाहने सदस्यहरूले आफ्नो प्रस्ताव सभाको सचिवमार्फत सचिवालयमा दर्ता गराउन सक्नुहुने जानकारी गराउँछु ।

सभाका सदस्यज्यूहरू, प्रस्तुत विधयेकमा सामान्य छलफल समाप्त भएकोले १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा २९ को उपदफा १ बमोजिम कार्यविधि प्रस्तुतकर्ता सुशासन तथा स्थानीय सेवा समितिका सभापति श्री खगेन्द्र थक्लुङलाई “मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०” विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सभामा पेश गर्न अनुमति दिन्छु ।

**(कार्यविधि प्रस्तुतकर्ता कार्यपालिकाको सदस्यको वाचन पत्र)**

सभाअध्यक्षज्यू, सभाअध्यक्षज्यूको अनुमतिले १ नं. प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ दफा २७ उपदफा (४) बमोजिम सैद्धान्तिक छलफल समेत समाप्त भएकाले मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गर्दछु ।

**खगेन्द्र थक्लुङ**
**सभापति**
**सुशासन तथा स्थानीय सेवा समिति**

अब, म सुशासन तथा स्थानीय सेवा समितिका सभापति श्री खगेन्द्र थक्लुङले यस सभामा पेश गर्नुभएको ‘‘मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०’’ विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

प्रस्तावको पक्षमा हुने सदस्यहरूले **‘‘हुन्छ’’** भन्नुहोला र प्रस्तावको विपक्षमा हुने सदस्यले **‘‘हुन्न’’** भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने सदस्यले **‘‘हुन्छ’’** भन्नुहोस् ।

प्रस्तावको विपक्षमा हुने सदस्यले **‘‘हुन्न’’** भन्नुहोस् ।

**‘‘हुन्छ’’** भन्ने पक्षमा रहनुहुने सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

**अथवा**

**‘‘हुन्न’’** भन्ने आवाज नसुनिएकोले ‘‘मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०’’ दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मत रूपमा स्वीकृत भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरू, आजको निर्धारित कार्यसूचीमा छलफल सकिएको जानकारी गराउँदछु ।
सभाको अर्को बैठक २०८० असार ९ गते दिनको १२:०० बजे बस्ने गरी स्थगित गर्दछु ।

**धन्यवाद !**